# आवेदन

टोकियो उच्च सरकारी वकिलको कार्यालय

तल हस्ताक्षर गर्ने हामी गोविन्द प्रसाद मैनालीका दाजु र श्रीमति गोविन्दको रिहाई लागी यो आवेदन चढाउँदछौं।

हाल डि.एन.ए. परिक्षाको नतिजा बाहिर आईसकेको परिप्रेक्षमा यस नतिजाले गोविन्द निर्दोष छन भन्ने र उनले यो अपराध गरेको होइन भन्ने कुरा सबैलाई प्रष्ट पारेको छ।

गोविन्दले यस प्रकारको गम्भीर अपराध गर्न सक्दैनन भन्ने हाम्रो शुरुदेखिको पुर्ण विश्वास र उनि स्वयंले पनि शुरुदेखिनै उनीमाथी लगाईएको आरोप अस्विकार गर्दै आएको तथ्य यस परिक्षणबाट सत्य सावीत भै उनि निर्दोष रहेको प्रमाणीत गरेको छ।

मानिस दोषी प्रमाणित गर्ने पर्याप्त र ठोस आधार बिनानै एक निर्दोष व्यक्तिलाई दोषी बनाई आजीवन कारावासको सजाय दिनु अति दुर्भाग्यपुर्ण कुरा हुन आएको छ।

एक निर्दोष व्यक्तीलाई दोषी ठहर गरि १४ वर्ष सम्म जीवनको अमुल्य समय कारावासमा व्यतित गर्न वाध्य पार्नु एक असामान्य घटना हो। वास्तविक अपराधिको डि.एन.ए परिक्षण हुन नसक्नु र जुन नतिजा आयो त्यसको पनि यतिका समय कुर्नु पर्ने वाध्यता आउनु दुःखको कुरा हो।

हामी परिवारलाई मर्माहित पार्ने कुरा त आफुले नगरेको अपराधको लागि यति भयानक दुःख र कष्टपुर्ण जीवन

हाम्रा गोविन्दले बिताउन बाध्य भए।

अब यहाँहरूको आफ्नो राजकीय अधिकारको प्रयोग गरी उनलाई अविलम्ब मुक्त गरियोस्।

तपाईंहरूको सकारात्मक कदमले उनले भोग्दै आएको दुःखको अन्त्य गर्न र उनले यति लामो समय देखि माग गर्दै आएको न्याय दिलाउन सक्छ।

गोविन्दको रिहाईका लागी गरिने प्रयासहरूमा यहाँहरूको तर्फबाट कुनै बाधा व्यवधान खडा गरि दिनु हुने छैन भन्ने विश्वास लिएका छौं।

धन्यवाद!

असार ०२, २०११
काठमाडौं, नेपाल

निवेदकहरु

१- इन्द्र प्रसाद मैनाली
(दाजु)

२- श्रीमति राधिका देवी मैनाली
श्रीमति